# टेम्केमैयुङ गाउँपालिका भोजपुर

## कोशी प्रदेश, नेपाल

## बालबिकास सहयोगी कार्यकर्ता नियुक्ति कार्यविधि २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को ज. ले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी स्थानीय तहलाई दिएको अधिकार प्रयोग गरी पालिका क्षेत्रमा रिक्त हुने बालबिकास सहयोगी कार्यकर्ता नियुक्ति गर्न टेम्केमैयुङ गाउँ कार्यपालिकाबाट स्वीकृत देहायबमोजिमको कार्यविधि निर्माण गरिएको छ ।

स्वीकृत मितिः २०८०/१०/०५ प्रमाणीकरण मितिः २०८०/१०/०५

प्रस्तावनाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (ज) १ बमोजिम प्रारम्भिक बालबिकास सहजकर्ताको रिक्त दरबन्दीमा करार नियुक्तिका लागि सिफारिस गर्न टेम्केमैयुङ गाउँकार्यपालिकाले बालविकास केन्द्रका सहयोगी कार्यकर्ता नियुक्ति सम्बन्धी कार्यविधि २०८० स्वीकृत गरी जारी गरेको छ ।

परिच्छेद-१

प्रारम्भिक

१.सक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम "बालविकास केन्द्रका सहयोगी कार्यकर्ता नियुक्ती सम्बन्धी कार्यविधि-२०८०" रहनेछ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले शिक्षा ऐन २०२८ सम्झनु पर्छ ।

ख) " मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

ग) "आयोग" भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनु पर्छ ।

घ) "अध्यक्ष" भन्नाले टेम्केमैयुङ गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनुपर्छ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले टेम्केमैयुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

च) "शाखा" भन्नाले यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

छ) "शिक्षा अधिकृत" भन्नाले यस गाउँपालिकाको शिक्षा शाखा हेर्ने प्रमुखलाई सम्झनु पर्छ ।

ज) "विद्यालय व्यवस्थापन समिति" भन्नाले विद्यालयमा गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

झ) " बाल विकास केन्द्र सहयोगी कार्यकर्ता" भन्नाले बाल विकास केन्द्र सञ्चालनको लागि नियुक्ति व्यक्ति सम्झनु पर्छ ।

ञ) "गाउँपालिका" भन्नाले टेम्केमैयुङ गाउँपालिका भोजपुर भन्ने सम्झनु पर्नेछ ।

## परिच्छेद- २

### बालविकास केन्द्रको सहयोगी कार्यकर्ता नियुक्ति सम्बन्धी व्यवस्था

३. रिक्त रहेको सहयोगी कार्यकर्ताको पदमा व्यवस्थापन समितिले बाल बिकास सहयोगी कार्यकर्ता छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेको कुनै व्यक्तिलाई करारमा नियुक्ति गर्ने सक्नेछ ।

४. करारमा बालविकास सहयोगी कार्यकर्ता नियुक्तिका लागि दरखास्त आव्हानको सूचना प्रकाशित गर्नुअघि शिक्षा शाखाबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर मात्र प्रक्रिया बमोजिम करारमा नियुक्ति गर्नु पर्नेछ ।

५. सहयोगी कार्यकर्ताको पदपुर्ती गर्नको लागि आवश्यक विवरण खुलाई ७ देखि १५ दिनको सार्वजनिक सुचना सम्भाव्य सबै माध्यमबाट प्रकाशन गर्नुका साथै वडा कार्यालय, गाउँपालिका र सम्बन्धित विद्यालयको सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ ।

६. सहयोगी कार्यकर्ताको पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र को छायाँप्रति निवेदन साथ पेश गर्नुपर्नेछ ।

७. पदपूर्ति समितिको सिफारिसमा सम्बन्धित विद्यालयले सहयोगी कार्यकर्ता नियुक्त गरेको जानकारी शिक्षा शाखालाई गराउनु पर्नेछ र शिक्षा शाखाले सोको अभिलेख राखेको प्रमाण विद्यालयलाई दिनु पर्नेछ ।

८. यो कार्यविधि बमोजिमको प्रक्रिया नपुर्याई सहयोगी कार्यकर्ता नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर गरी सम्बन्धित प्रधानाध्यापकलाई कारबाही गरिनेछ ।

## परिच्छेद- ३

बालविकास केन्द्रको सहयोगी कार्यकर्ता/ सहजकर्ताको लागि आवश्यक न्युनतम योग्यता

९. बालविकास केन्द्रको सहयोगी कार्यकर्ता/ सहजकर्ताको लागि आवश्यक न्युनतम योग्यता देहाय बमोजिम हुनेछः

क) कम्तिमा शिक्षा शास्त्र संकायमा +२ वा सो सरह उर्तीण भएको,

ख) १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको,

ग) दफा ९ (क) मा जुनसुकै कुरा लेखिएको भएता पति यो कार्यविधि लागु हुनुभन्दा अगाडि नियुक्ति भएका सहयोगी कार्यकर्ताको हकमा उक्त योग्यता लागू हुने छैन ।

## परिच्छेद- ४

## वाल विकास सहजकर्ता छनौट प्रक्रिया

१०. सामुदायिक विद्यालयमा रिक्त बाल विकास केन्द्र सहयोगी कार्यकर्ताको नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्ने कार्य गाउँपालिकाको करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७७ को परिच्छेद- २ बमोजिमको समितिले गर्नेछ ।

११. सहयोगी कार्यकर्ता छनौटको परीक्षा सम्बन्धी कामको लागि आवश्यक कर्मचारी शिक्षा शाखाले व्यवस्थापन गर्नुपर्नेछ ।

१२. सहयोगी कार्यकर्ता छनौट समितिको सचिवालय समितिले निर्धारण गरेबमोजिमको स्थानमा रहनेछ ।

## परिच्छेद- ५

## विषय विज्ञ सम्बन्धि व्यवस्था

१३. विषय विज्ञः प्राथमिक तह वा सो भन्दा माथिल्लो तहको विषय विज्ञको सूचीमा रहेको स्थायी शिक्षकलाई बाल विकास केन्द्र सहयोगी कार्यकर्ताको छनौट परीक्षाको विषय विज्ञको रुपमा छनौट गरिनेछ ।

## परिच्छेद- ६

## पारिश्रमिक सम्बन्धि व्यवस्थाः

१४. परीक्षा सञ्चालनको आर्थिक कारोवारको लेखा तथा लेखा परिक्षण प्रचलित कानुन अनुसार राखिनेछ ।

१५. परीक्षा सञ्चालन सँग सम्बन्धित खर्च देहाय अनुसार हुनेछः

क) छनौट समितिका पदाधिकारी वा कर्मचारीहरुले परीक्षा सञ्चालन अवधिभर बढीमा ३ ओटा बैठक बस्न सक्नेछन ।

क) छनौट समितिका पदाधिकारी वा कर्मचारीहरुको भत्ता प्रति बैठक रु. १०००/- हुनेछ ।

ख) कार्यालय सहयोगी एक जना हुनेछ र जसको भत्ता प्रति परीक्षा रु. ५००/- हुनेछ ।

ग) छनौट समितिको पदाधिकारी वा कर्मचारीहरुको भत्ता सम्बन्धित विद्यालयले व्यहोर्नेछ ।

## परिच्छेद-७

## विविध

१६. आचारसंहिताः

क) परीक्षा मर्यादित, संयमित र निष्पक्ष रुपमा सञ्चालन गराउने मुख्य जिम्मेवारी छनौट समितिको हुनेछ ।

१७. परीक्षाको पाठ्यक्रमः बाल विकास केन्द्रको सहयोगी कार्यकर्ताको लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची- १ बमोजिम हुनेछ ।

१८. बैकल्पिक उम्मेद्वारले नियुक्ति पाउनेः शिक्षक तथा कर्मचारी छनौट समितिले छनौट गरेको व्यक्ति सिफारिस भएको मितिले सात भित्र नियुक्ति पत्र लिइ विद्यालयमा हाजिर हुन नआएमा वा नियुक्ति लिएको ६ महिना भित्रमा कुनै कारण निजले राजिनामा दिएमा विद्यालय व्यवस्थापन समितिले बैकल्पिक सूचीको १. नं. को उम्मेद्वारलाई नियुक्ति गर्नेछ ।

१९ यस कार्यविधि बमोजिम हुनेः यस कार्यविधिमा लेखिएका कुराहरु यस कार्यविधि बमोजिम र अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

## अनुसूची-१
## (कार्यविधिको दफा १७ सँग सम्बन्धित)

सामान्य परीक्षाः पूर्णाङ्क- ४० विषयगत परीक्षाः पूर्णाङ्क- ६०

| विषयक्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न संख्या | अंकभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | ४० | २० | २० | २०*२ | वस्तुगत/वहुवैकल्पिक | ४५ मिनेट |
| विषयगत परीक्षा | ६० | २४ | ८ | ४*१०<br>४*५ | विषयगत<br>विश्लेषणात्मक | २ घण्टा |

**सामान्य परीक्षाको पाठ्यक्रमको विषयक्षेत्र र अंकभार**

| क्र.सं. | विषयक्षेत्र | परीक्षा | अंकभार | प्रश्न | समय |
|---|---|---|---|---|---|
| १ | शिक्षाको परिचय | वस्तुगत/वहुवैकल्पिक | २ | १ | ४५ मिनेट |
| २ | शिक्षा मनोविज्ञान | | ६ | ३ | |
| ३ | सिकाइ र उत्प्रेरणा | | ४ | २ | |
| ४ | शैक्षणिक योजना र शिक्षण विधि | | ६ | ३ | |
| ५ | विद्यार्थी मूल्याङ्कन | | २ | १ | |
| ६ | शैक्षिक व्यवस्थापन र शैक्षणिक संगठन | | ६ | ३ | |
| ७ | शिक्षकको पेशागत विकास र शैक्षिक अनुसन्धान | | ४ | २ | |
| ८ | सूचना तथा सञ्चार प्रविधि | | २ | १ | |
| ९ | संविधान, शिक्षा सम्बन्धी ऐन तथा नियमावलीहरु | | ८ | ४ | |
| | **जम्मा** | | ४० | २० | |

**विषयगत परीक्षाको पाठ्यक्रमको विषयक्षेत्र र अंकभार**

| क्र.सं. | विषयक्षेत्र | परीक्षा | अंकभार | प्रश्न | समय |
|---|---|---|---|---|---|
| १ | शिक्षाको परिचय | विषयगत विश्लेषणात्मक | ५ | १ | ४५ मिनेट |
| २ | शिक्षा मनोविज्ञान | | ५ | १ | |
| ३ | सिकाइ र उत्प्रेरणा | | १० | १ | |
| ४ | शैक्षणिक योजना र शिक्षण विधि | | ५ | १ | |
| ५ | विद्यार्थी मूल्याङ्कन | | १० | १ | |
| ६ | शैक्षिक व्यवस्थापन र शैक्षणिक संगठन | | १० | १ | |
| ७ | शिक्षकको पेशागत विकास र शैक्षिक अनुसन्धान | | ५ | १ | |
| ८ | सूचना तथा सञ्चार प्रविधि | | ५ | १ | |
| ९ | संविधान, शिक्षा सम्बन्धी ऐन तथा नियमावलीहरु | | ५ | १ | |
| | **जम्मा** | | ६० | ९ | |

**सामान्य तथा विषयगत परीक्षाको पाठ्यक्रम**

१. शिक्षाको परिचय

क. शिक्षाको अर्थ, परिभाषा, स्वरुप, उद्देश्यहरु र कार्यहरु

२. शिक्षा मनोविज्ञान

क. शिक्षा मनोविज्ञानको अर्थ, अवधारणा, आवश्यकता र महत्व

ख. मानव विकासः वृद्धि र विकासको अवधारणा, चरण र विशेषताहरु

ग. पूर्व वाल्यावस्थाः विशेषता, परिवर्तन र रुचिहरु

३. सिकाइ र उत्प्रेरणा

क. सिकाईः अर्थ, स्वरुप र प्रभाव पार्ने तत्वहरु

ख. उत्प्रेरणाः अवधारणा, आवश्यकता र विद्यार्थीमा उत्प्रेरणा जगाउने उपायहरु

४. शैक्षणिक योजना र शिक्षण विधि

क. शैक्षणिक योजनाः अर्थ र आवश्यकता, वार्षिक कार्ययोजना, वार्षिक शैक्षणिक योजना, एकाइ र दैनिक पाठयोजना

ख. शिक्षण विधिः शिक्षक केन्द्रित विधि, विद्यार्थी केन्द्रित विधि र अन्तरक्रियात्मक विधि

५. विद्यार्थी मूल्याङ्कन

क. निरन्तर विद्यार्थी मुल्याङ्कनः अर्थ, आवश्यकता र प्रयोग

६. शैक्षणिक व्यवस्थापन र शैक्षणिक संगठन

क. कक्षाकोठा व्यवस्थापनः अवधारणा, आवश्यकता र महत्व

ख. शैक्षणिक संगठनः कक्षा शिक्षण वहुकक्षा शिक्षण, विषय शिक्षण र मिश्रित शिक्षण

७. शिक्षकको पेशागत विकास र शैक्षिक अनुसन्धान

क. असल शिक्षकका गुणहरु

ख. कार्यमुलक अनुसन्धानः उद्देश्य र प्रयोग

८. सूचना तथा सञ्चार प्रविधि

क. शिक्षण सिकाइमा सुचना तथा सञ्चार प्रविधिको प्रयोग

९. संविधान, शिक्षा सम्बन्धी ऐन तथा नियमावलीहरु

क. नेपालको संविधानमा शिक्षा सम्बन्धी व्यवस्था

ख. शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ मा प्रारम्भिक वालविकास केन्द्र सम्बन्धी व्यवस्था

ग. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको शिक्षा सम्बन्धी अधिकारहरु